# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

---------------------------------------------------------

ताप्लेजुङ्ग जिल्लास्थित श्री बाल मन्दिर प्राथमिक विद्यालय, ताप्लेजुङ्गमा कार्यरत श्रोत शिक्षिका धिरमाया इजम मादेन र जिल्ला शिक्षा अधिकारीको मिलोमतोमा विद्यार्थी संख्याभन्दा बढी संख्या देखाई रकम निकासा गरी आर्थिक अनियमितता गरेको र काल्पनिक पियन राखेर आफैं तलब भत्ता बापतको रकम बुझेको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानबिन हुँदा श्री बाल मन्दिर प्राथमिक विद्यालय ताप्लेजुङ्गका प्र. अ. रुद्र कुमार थेवेले वास्तविक विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी संख्या देखाई छात्रवृत्तिको रकम निकासा गरी लिएको, श्रोत शिक्षिका धिरमाया इजम मादेनले बढी विद्यार्थी संख्या देखाई विशेष शिक्षा (सुस्त श्रवण तथा बहिरा) संचालनको लागि प्राप्त छात्रवृत्तिको रकम निकासा गरी आफुलाई गैहकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैहकानूनी हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले उक्त कार्यमा संलग्न रहेका तपसिलमा उल्लेखित निम्न २ (दुई) जना व्यक्तिहरू उपर कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

| सि.न. | नाम थर | बिगो | सजाय माग दावी |
|---|---|---|---|
| १. | प्र. अ. रुद्र कुमार थेवे | रु.३,१०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) |
| २. | श्रोत शिक्षिका धिरमाया इजम मादेन | रु.२,९७,२८०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) |

FIGHT AGAINST CORRUPTION

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी